नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौंको टोलीले नियमित अनुगमन/निरीक्षण गर्ने क्रममा तपसिल बमोजिम खाद्य व्यवसायको मिति २०८३/०६/०९ र १० मा अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिल बमोजिम काम, कारवाही तथा सुधारका लागि निर्देशन गरियो।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | अर्बन फुड इण्डष्ट्रीज चन्द्रागिरी न. पा.-०३, काठमाडौँ । | • सरसफाईको अवस्था सामान्य रहेको।<br>• कामदारको व्यक्तिगत सरसफाई सामान्य रहेको।<br>• कोल्ड रुमको सरसफाई पर्याप्त नरहेको।<br>• भण्डारण कक्षमा ४ प्याकेट मसालाको म्याद गुज्रेको पाइयो। | • कोल्ड रुमको नियमित सरसफाई गर्ने।<br>• म्याद गुज्रेको ४ प्याकेट मसाला नष्ट गरियो।<br>• थप अनुसन्धानको लागि चिकेन ससेजको नमूना संकलन गरियो । |
| २. | बेबी ब्रेड एण्ड बेकरी चन्द्रागिरी न. पा.-०६, काठमाडौँ । | • सरसफाईको अवस्था सामान्य रहेको।<br>• कच्चा पदार्थ भण्डारण कक्ष अव्यवस्थित रहेको।<br>• अनुगमनको क्रममा बेकरीजन्य खाद्य पदार्थ प्रशोधन तथा प्याकेजिङ भएको नपाइएको।<br>• अनुमतिपत्र नविकरणको प्रक्रियामा रहेको। | • भण्डारण कक्षलाई व्यवस्थित गर्ने र कीट नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने।<br>• नियमित सरसफाई गर्ने।<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन गरियो। |
| ३. | युसा डेरी प्रा. लि. बुढानिलकण्ठ न.पा.- ४, काठमाडौँ । | • सरसफाईको अवस्था सामान्य रहेको।<br>• कीट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको।<br>• अनुमतिपत्र नविकरणको प्रक्रियामा रहेको।<br>• प्रशोधित दुधको नमूना उद्योगको प्रयोगशालामा FAT, SNP परीक्षण गर्दा नेपाल सरकारको मापदण्ड अनुरुप रहेको पाइयो र मोबाइल भ्यानमा परीक्षण गर्दा Neutralizer, starch नपाइएको। | • कीट नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने।<br>• नियमित सरसफाई गर्ने।<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन गरियो। |
| ४. | हिमालयन डेरी एण्ड एग्रोभेट रिसर्च सेन्टर प्रा. लि. बनेपा न. पा. -०७, काभ्रे | • सरसफाईको अवस्था सन्तोषजनक रहेको।<br>• अनुमतिपत्र नविकरण गरेको पाइयो।<br>• अनुगमनको क्रममा प्रशोधित दुध उत्पादन तथा प्याकेजिङ भएको नपाइएको। | • थप अनुसन्धानको लागि दहीको नमूना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| ५. | अनुप डेरी प्रा. लि. पनौती न. पा. -०५, काभ्रे | • सरसफाईको अवस्था सामान्य रहेको ।<br>• कीट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको ।<br>• SMP भण्डारण गरेको कक्ष अव्यवस्थित रहेको।<br>• प्रशोधित दुधको नमूना उद्योगको प्रयोगशालामा FAT परीक्षण गर्दा नेपाल सरकारको मापदण्ड अनुरुप रहेको पाइयो र मोबाइल भ्यानमा परीक्षण गर्दा Neutralizer, starch नपाइएको । | • कीट नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने।<br>• SMP भण्डारण गरेको कक्षलाई व्यवस्थित गर्ने । |
| ६. | दुर्गा दुध डेरी, पनौती न. पा. -०३, काभ्रे | • सरसफाईको अवस्था सामान्य रहेको ।<br>• अनुमतिपत्र नविकरणको प्रक्रियामा रहेको ।<br>• प्रयोगशालाको व्यवस्था नरहेको ।<br>• कीट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको ।<br>• दुधको नमूना उद्योगमा FAT परीक्षण गर्दा ३ ९ पाइयो र मोबाइल भ्यानमा परीक्षण गर्दा. Neutralizer, sugar नपाइएको । | • प्रयोगशालाको व्यवस्था मिलाउने ।<br>• कीट नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाउने ।<br>• प्रशोधित दुधको उत्पादन तथा विक्री वितरणको लागि विभागबाट अनुमति लिने । |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः छ (६) वटा** | | | |

# अनुगमनका केहि झलकहरु













